**प्राज्ञिक विमर्श**, **वर्ष** ७, **अङ्क**, १३, २०८२ **वैशाख**, ISSN 2676–1297

# वारि जमुना पारि जमुना लोकगीतको संरचनात्मक अध्ययन

***अमृतकुमार श्रेष्ठ**

**Shresthaamrit633@gmail.com**

**अध्ययनसार**

वारि जमुना पारि जमुना लोकगीतको संरचनात्मक अध्ययन शीर्षकमा रहेको यस लेखमा अरूण उपत्यकामा प्रसिद्ध हाक्पारे लोकभाकामा गाइएको लोकगीतको भाव विश्लेषण गरिएको छ। लोकगीतका विभिन्न मूर्त-अमूर्त घटकद्वारा यसको संरचना निर्माण भएको हुन्छ। यसको निर्माण भाव, उद्धेश्य, भाषा आदि जस्ता घटकहरू र बिम्व, प्रतीक, लयजस्ता स-साना घटक समेतको संयोजनबाट बनेको हुन्छ। लोकगीतको संरचनात्मक निर्माण गर्ने यस्ता घटकलाई संरचनाका तत्त्व भनिन्छ। लोकगीतका यिनै संरचक तत्त्व मुख्यतः वस्तु, उद्धेश्य, भाषाशैली विन्यासलाई मानिएको छ। यिनै संरचनावादी अध्ययन पद्धतिद्वारा 'वारि जमुना पारि जमुना लोकगीतको अध्ययन गरिएको छ। कुनै पनि साहित्यिक कृतिको भाव वा विचार भनेको त्यस कृतिको अन्तर्वस्तु वा त्यसको कथ्य हो। गीतको भाव वा विचारले यसमा रहेको विषयवस्तुको अनुभूतिजन्य वा वैचारिक तहको अवस्थालाई बुझाउँछ। लोकगीतमा विषयका फैलावट हेर्दा यस्तो फैलावट कि त कुनै व्यक्तिका भावनामा सीमित हुन्छ कि त सामाजिक विषयमा फैलिएको हुन्छ। त्यसैले अनुभूतिगत ढाँचाका आधारमा लोकगीत वैयक्तिक र सामाजिक गरी दुई प्रकारका हुन्छन्। वैयक्तिक अनुभूति भएका गीतमा आत्मकेन्द्रित/अन्तर्मुखी अनुभूतिको भावनात्मक अभिव्यक्ति हुन्छ भने सामाजिक अनुभूति भएका गीतमा बहिर्मुखी अनुभूति र मानवीय जीवन वा समाजका मार्मिक पक्षको प्रस्तुति हुन्छ। 'वारि जमुना पारि जमुना लोकगीतको संरचनाको विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ।

**प्रमुख शब्दावली** : लोकगीत, 'संरचक-घटक, प्रगीतात्मक, लोकजीवन, चाडपर्व।

## विषयपरिचय

'वारि जमुना पारि जमुना' पूर्वी नेपालको अरूण उपत्यकामा प्रचलित प्रसिद्ध हाक्पारे लोकभाकामा गाइएको लोकगीत हो। अरूण उपत्यकाअन्तर्गत सङ्खुवासभा, भोजपर, धनकुटा, सुनसरी र उदयपरका अरूण नदीको आसपासमा भूभागहरू पर्दछ लिम्बूवान् क्षेत्रका लिम्बुहरूले गाउने हाक्पारेका विभिन्न भाकाका लोकगीतमध्ये 'वारि जमुना पारि जमुना' पुरानो र चर्चित लोकगीत हो। अरूण उपत्यकामा लिम्बूलगायत सबै जातजातिका मानिसहरूले विभिन्न अवसरमा यो लोकगीत गाउने गरेका छन्। विशेष गरी मङसिर महिनामा पर्ने ठूलो एकादशी मेलामा गाइने यो लोकगीत दशैं, तिहार र अन्य चाडपर्व, मेला र विवाह उत्सवहरूमा समेत गाउने गरिन्छ। अरूण उपत्यकाको लोकजीवनमा प्रचलित यो लोकगीत उक्त क्षेत्रका पिनासे सार्कीले गाउँघरतिर चाडपर्व, हाटमेला आदिमा गाउँदै हिडने गरेकोमा गीत रेकर्डिङ गर्ने कार्यको थालनी भएपछि ढुण्डीराज अधिकारी, गङ्गा वरदान, प्रकाश ओझा आदिले यस गीतलाई स्वरबद्ध गरेका थिए। खेमराज गुरुङले वि.सं २०५६ सालमा म्युजिक नेपालबाट गीतिक्यासेट सार्वजानिक गरेपछि यस लोकगीतले देशव्यापी रूपमा लोकप्रियता पाएको देखिन्छ। लोकगीतलाई लोकभावना र विचारको लयात्मक अभिव्यक्ति मानिन्छ। सर्वदेशीय लोकरचना मानिएको लोकगीत लोकसाहित्यको लोकप्रिय र समृद्ध विधा हो। नेपाली लोकपद्यका चार प्रमुख विधामध्ये लोकगीत एउटा विधा हो। श्रुतिपरम्परामा विकसित लोकगीतभित्र लोकजीवनका दुःखसुख, आँसुहाँसो, प्रेमविछोड, आशानिराशा लगायत विभिन्न चालचलन, रीतिथिति तथा धार्मिक आस्था र विश्वास जस्ता कुराहरू पनि

***लेखक लोकसाहित्यका क्षेत्रमा अनुसन्धानरत रहेका छन्।**

समेटिएको हुन्छ । सरल, स्वाभाविक र मौलिकपन लोकगीतको विशेषता हो । लोकगीत भाषाका माध्यमले अभिव्यक्त अलेख्य विधा भएको हुनाले यसको थालनी लिपिको विकासभन्दा धेरै अगाडि भएको हो। संसारका सबै भाषामा लोकगीतको परम्परा रहेको हुन्छ। लोकगीत समाजमा विविध गतिविधि र समाजमा बस्ने साधारण मानिसका सामूहिक भावनाको प्रतिध्वनि रहेको हुन्छ। लोकभावनाको एकोन्मुखता रहने र लयात्मक मिठास हुने भएकाले विस्तार र लोकप्रियताका दृष्टिले तुलनात्मक रूपमा लोकगीत सुदृढ बनेको देखिन्छ।

लोकगीतको संरचनामा भनेको यसको समग्र बनावट वा सङ्गठन हो, जसमा पूर्ण, जीवन्त र स्वनिष्ठ वा स्वायत्त जस्ता गुणहरू हुन्छन् । लोकगीतको आकार, स्वरूप वा बाहिरी रूपमा देखिने स्थूल बनोट बाह्य संरचना हो र गीतको कथ्यसँग सम्बन्धित भाव वा विचार, लय आदिले बनेको संरचनाचाहिँ आन्तरिक संरचना हो । लोकगीतको बाह्य संरचना स्थूल वा आवरणमूलक हुने हुनाले यो वर्ण, शब्द, वाक्य, अनुच्छेददेखि सङ्कथनसम्मको हुन सक्छ। यसको आन्तरिक संरचना गीतको कथ्यसँग सम्बन्धित भाव वा विचार, लय आदिले बनेको हुन्छ। लोकगीतको आकारगत संरचना भने प्रबन्धात्मक नभएर प्रगीतात्मक हुन्छ। यस लेखमा 'वारि जमुना पारि जमुना' लोकगीतको बाह्य र आन्तरिक संरचनात्मक पक्षको अध्ययन गरी निष्कर्षमा पुग्ने उद्देश्य राखिएको छ । 'वारि जमुना पारि जमुना' लोकगीतको संरचनात्मक अध्ययन' शीर्षकको प्रस्तुत लेख तयार पार्नका लागि लोकगीतको सैद्धान्तिक अवधारणासम्बन्धी तथ्यहरूको सङ्कलन गर्न पुस्तकालयीय विधिको प्रयोग गरिएको छ। विश्लेषणका लागि 'वारि जमुना पारि जमुना' लोकगीतलाई इन्टरनेटबाट सङ्कलन गरिएको छ । यस लेखमा लोकगीतका संरचक घटकका पूर्वस्थापित मान्यताका आधारमा उक्त लोकगीतको विश्लेषण गरी निष्कर्ष निकालिएको हुनाले यहाँ लोकगीतको विश्लेषण गर्न निगमन विधि र प्रस्तुतीकरणमा वर्णनात्मक विधिको प्रयोग गरिएको छ।

संरचना भनेको कुनै पनि कृतिको बनोटका आवश्यक अङ्गहरूको समष्टि वा कुल योग हो। हरेक विधा र कृतिको आफ्नो बेल्लै संरचना भएजस्तै लोकगीतको पनि आफ्ना छुट्टै संरचना रहेको हुन्छ। यसका संरचक घटकहरूको समग्रता वा तिनीहरूको यौगिक विधानलाई लोकगीतको संरचना मानिन्छ। लोकगीतको संरचना निर्माण गर्ने यसका आन्तरिक र बाह्य घटकहरू रहेका हुन्छन्। लोकगीतको आकार वा स्वरूप वा बाहिरी रूपमा देखिने स्थूल बनोट बाह्य संरचना हो । बाह्य संरचना स्थूल बनोट वा आवरणमूलक प्रकारको हुन्छ । गीतको वस्तुविधान, परिवेश, लय आदिले बनेको संरचनालाई यसको आन्तरिक संरचना मानिन्छ । यस लेखमा 'वारि जमुना पारि जमुना' लोकगीतलाई यसका संरचक घटकका आधारमा अध्ययन गरिएको छ। यहाँ उक्त लोकगीतलाई लोकगीतको बाह्य संरचना र आन्तरिक संरचनाअन्तर्गतका भाव वा विचार, उद्देश्य, र भाषाशैलीय विन्यासजस्ता घटकका आधारमा विश्लेषण गरिएको छ।

## 'वारि जमुना पारि जमुना' लोकगीतको विश्लेषण

'वारि जमुना पारि जमुना' पूर्वी नेपालको अरूण उपत्यकामा प्रचलित प्रसिद्ध लोकगीत हो । यहाँ उक्त लोकगीतको पूर्ण पाठ उल्लेख गरेर लोकगीतका संरचक घटकका रूपमा यसको बाह्य संरचना, भाव वा विचार, उद्देश्य, र भाषाशैलीय विन्यासजस्ता घटकका आधारमा छुट्टाछुट्टै उपशीर्षकमा विश्लेषण गरिएको छ :

(१) **गीतको पाठ**

ओ…हो…..हो हो हो हो..हा…..
अहम्
हा…वारि जमुना..पारि जमुना..
जमुनाको फेदैमा मनकामना….
हुर्रर….ओहोई..ओहोई..ओहोई..

एकादशी बजारैमा, ए एकादशी बजारैमा,
ए फन्के रोटी थालमा होई,एकादशी बजारैमा..

हा…कस्को छोरा कसको छोरी..
कस्को छोरा कसको छोरी,
ए पऱ्यो माया जालमा होई
कस्को छोरा कस्को छोरी….

हुर्रर….ओहोई..ओहोई..ओहोई..

हा…सिमसिम पानी कान्छी नानी
सिमसिम पानी कान्छी नानी
ए भिज्यो पैतालो माने ल….
हा…पैले हामी नाच्थ्यौ खेल्थ्यौ
पैले हामी नाच्थ्यौ खेल्थ्यौ
ए मया मैतालो माने ल….
हुर्रर….ओहोई..ओहोई..ओहोई..

कालेबुङको मैना चरी,
ए कालेबुङको मैना चरी,
ए टिस्टा खोला झऱ्यो होई
कालेबुङको मैना चरी….
हा…कर्म मेरो खोटी रैछ
कर्म मेरो खोटी रैछ
ए मागी खानु पऱ्यो होई
कर्म मेरो खोटी रैछ**……**

हुर्रर….ओहोई..ओहोई..ओहोई..

हा…आकाशैको गड्यांगगुडुग
आकाशैको गड्यांगगुडुंग
ए भइगो खजुरलाई नि ल….
हा….मरे पछि गंगाजीलाई
मरे पछि गंगाजीलाई
ए बाँचे हजुरलाई नि ल….
हुर्रर….ओहोई..ओहोई..ओहोई..

त्यहि तल सिमसारैमा
ए त्यहि तल सिमसारैमा
ए हलहलेको साग छ है
त्यहि तल सिमसारैमा..
हा….पोडे होला चमार होला
पोडे होला चमार होला
ए तिम्रै माया लाग्छ होई
पोडे होला चमार होला

हुर्रर....ओहोई..ओहोई..ओहोई..

हा...वारि जमुना..पारि जमुना..
जमुनाको फेदैमा मनकामना........।। (गुरुङ, २०२०)
(... : लेघ्रो तानेको लामो उच्चारण) (२: दुईपल्ट पुनरावृत्ति)

**गीतको बाह्य संरचना**

लोकगीत विभिन्न अवयवले बन्ने यौगिक विधान भएकाले यसलाई निश्चित संरचनामा आबद्ध रचना मानिन्छ । "संरचना भएका कारण लोकगीतको स्वरूप पूर्ण, स्वायत्त र गीतशील हुन्छ" (शर्मा र लुइटेल, २०६३, पृ. ७५) । संरचनाका दृष्टिले लोकगीतका आन्तरिक तथा बाह्य गरी दुई प्रकारका घटक रहेका हुन्छन् । लोकगीतको बाह्य संरचना भनेको यसको आवरण हो । बाह्य संरचना बाहिरी रूपमा देखिने स्थूल बनोट हो । यो वर्ण, शब्द, वाक्य, पङ्क्तिगुच्छादेखि सङ्कथनसम्मको हुन्छ ।

'वारि जमुना पारि जमुना' शीर्षकको लोकगीत प्रगीतात्मक संरचना भएको लघु आकारमा रचित रहेको छ । यस गीतभित्र जम्मा छ पङ्क्तिपुञ्जमा वाइसवटा पङ्क्ति रहेका छन् । यहाँ अन्तरामा रहेका पङक्तिसङ्ख्यामा असमानता रहेको छ । यहाँ पहिलो, दोस्रो र चौथो पङक्तिपुञ्जसम्म समान चारचार पङक्ति रहेका छन् भने तेस्रोमा पाँच, पाँचौं पङक्तिपुञ्जमा तीन र छैठौं पङ्क्तिपुञ्जमा दुई पङ्क्ति रहेका छन् । यस गीतमा लयबद्ध रूपमा हाक्पारे भाकाका पङ्क्तिमा पहिलोमा सोह्र र दोस्रोमा पन्ध्र अक्षर रहेको हुनाले असमान अक्षरको विन्यास रहेको स्पष्ट हुन्छ ।

पुनरावृत्तिका आधारमा हेर्दा सबै अन्तराको विषय एउटै रहेको छ । स्थायीको अन्तिममा पुनरावृत्ति भएको छ भने अन्य अन्तराहरूमा बिजोर पङ्क्तिमा पुनरावृत्ति भएको छ । यहाँ एकादशी बजारको सन्दर्भ र विभिन्न स्थानवाचक शब्दका साथमा मायापिरती र कर्म तथा भाग्यको विषय रहेको हुनाले यस गीतमा जम्मा दुईवटा दृश्य रहेका छन् । यस गीतमा रहेको पङ्क्तिविन्यास, दृश्यभिन्नता र पुनरावृत्तिलाई तलको उदाहरणद्वारा प्रस्ट पारिएको छ : कालेबुङको मैनाचरी, ए, कालेबुङको मैनाचरी ए, टिस्टा खोला भ¥यो है, कालेबुङको मैनाचरी । हा ककक ( कर्म मेरो खोटी रै'छ)[२]
मागी खानु प¥यो है, कर्म मेरो खोटी रै'छ ।

यस लोकगीतमा रहेका पङ्क्तिहरूमा शब्दगत एकरूपता छैन । यहाँ क्रमशः पहिलो पङ्क्तिमा पाँच, दोस्रो पङ्क्तिमा सात शब्द, तेस्रो पङ्क्तिमा नौ र चौथो पङ्क्तिमा आठ शब्द रहेका छन् । निष्कर्षतः यस लोकगीतमा छ पङ्क्तिपुञ्जमा बाइसवटा पङ्क्ति, प्रत्येक पङ्क्तिपुञ्जमा शब्दहरूको फरक सङ्ख्या,पङ्क्तिपुञ्जहरूमा दृश्य भिन्नता तथा वाक्यको पुनरावृत्ति भएको छ । यसरी हेर्दा यस लोकगीतको बाह्य संरचना पूर्ण रहेको देखिन्छ ।

**गीतको भाव वा विचार**

श्रुतिपरम्पराबाट विकसित भएका साधारण जनताका सुखदुःखका लयात्मक अभिव्यक्ति नै लोकगीत हुन् । लोकगीत मानव जीवनको प्रथम कालदेखि नै सुन्दै आएको मीठो लय हो (थापा र सुवेदी, २०४१, पृ. ५९) । त्यसैले लोकगीत भनेको समाजको मनबाट निसृत भएको कुरा हो । लोकगीतको संरचना प्रगीतात्मक हुने र यसमा आख्यान सङ्केतमात्र हुने भएकाले यसको वस्तुविधान गीतको विषय र त्यसले अभिव्यक्त गर्ने भाव वा विचारमा निहित रहेको हुन्छ (लुइटेल, २०६२, पृ. २१९) ।

'वारि जमुना पारि जमुना' शीर्षकको लोकगीतमा ग्रामीण समाजको सामाजिक विषयवस्तु कथ्यका रूपमा आएको छ । यस गीत स्थानविशेषको सांस्कृतिक पक्ष पनि उत्तिकै दरिलो गरी अभिव्यक्त भएको छ । गीतको पहिलो पङ्क्तिमा नै जमुनाको बोट र यसको फेदमा भएको मनकामना देवीको मन्दिरको सन्दर्भ रहेको र यसले लोकजीवनको धार्मिक पक्षको उठान गरेको देखिन्छ । हरिबोधिनी एकादशीलाई ठूली एकादशी भनिने र सो एकादशीमा मेला-बजार लाग्ने स्थललाई सङ्केत गर्दै एकादशीका दिन लाग्ने हाट बजारमा मेलामा फन्के रोटी । यस गीतको मुख्य

विषय भने मायाप्रेम र विगतका सम्झनाको वर्णनलाई मानिन्छ ।

लोकजीवनमा दुई अपरिचित व्यक्तिका बिचमा मायापिरती गाँस्ने, हाँसखेल र मनोरञ्जनसँग मायाप्रेम झाँगिदै जाने, एकअर्कामा आत्मीयता बढाउँदै जाने र बिहेबारी गरेर व्यावहारिक जीवन सञ्चालन गर्ने सामाजिक परम्पराको प्रतिबिम्बन यहाँ देखिन्छ । प्रेमको विषयवस्तु रहेका नेपाली लोकगीतमा विपरीत लिङगीप्रतिको आकर्षण, मिलनका रमाइला पलहरू र वियोगको पीडासमेत रहेको हुन्छ । नारी-पुरुषबीच पाइने स्वाभाविक प्रेमसम्बन्धी अभिव्यक्ति रहेका प्रणयगीत रसभावका दृष्टिले श्रृङ्गार रसका गीत मानिन्छन् (आचार्य, २०६२, पृ. ५५) । यस लोकगीतमा मायाप्रेमको विषय प्रमुख रूपमा उठाइएको छ । कसको छोरा र कसको छोरी मायाप्रेममा परेको कुरा उल्लेख गर्दै समाजमा तरुनी र तन्नेरीको मेला महोत्सवको रमाइलो र मायापिरतीको विषयलाई यस लोकगीतले प्रमुख रूपमा चित्रण गरेको छ, जस्तै -

एकादशी बजारैमा, ए एकादशी बजारैमा
ए, फन्के रोटी थालमा है एकादशी बजारैमा ।
हा क.....(कसको छोरा कसको छोरी)[२] पऱ्यो
मायाजालमा है, कसको छोरा कसको छोरी ।

नेपाली समाजमा मानिसहरूले आ-आफ्नो धर्म, लोकसंस्कृति तथा जातीय परम्पराअनुसार चाडपर्व मनाउने गर्छन् र ती पर्वमा गाएर र नाचेर रमाइलो गर्ने प्रचलन रहेको छ । नेपाली जनजीवनमा पर्वगीतको ठूलो महत्त्व रहेको र चाडपर्व मनाइनुका विभिन्न उद्देश्य रहे पनि प्रत्येक चाडपर्वमा मानिसहरूले गाएर र नाचेर जीवनलाई आनन्दित पार्ने कार्य रहेको हुन्छ (पराजुली, २०५७, पृ. १७४) । 'वारि जमुना पारि जमुना' लोकगीतमा पूर्वी नेपालको पहाडी स्थानमा अवस्थित यस भेकमा लिम्बू र अन्य जातिको बाहुल्य भएको स्थानमा विभिन्न चाडपर्व तथा एकादशी बजारको मेलाको सन्दर्भ र मायालुप्रतिको समर्पण भाव अभिव्यक्त भएका छन्, जस्तै - हा ककक ( आकाशैको गड्याङगुडुङ)२
भुइँको खजुरीलाई नि लउ
हा ककक (मरेपछि गङ्गाजीलाई) २
बाँचे हजुरीलाई नि लउ ।

माथिको उदाहरणमा पहिलो पङ्क्तिमा आकाशको मेघ गर्जनको विषय र चटयाङ् पर्ने सन्दर्भ राखिएको छ । यो लोकविश्वासका दृष्टिले अर्थपूर्ण रहेको छ । चट्याङ् पर्दा भगवान्ले खजुरोलाई मार्ने हुनाले खजुरो भएको जमिनमा चटयाङ् पर्छ भन्ने सामाजिक विश्वास यहाँ रहेको छ । दोस्रो हरफमा मरेपछि पानीमा वा खोलामा जलाएर भौतिक शरीर गङ्गामा वा नदीको पानीमा विलीन हुने तथ्यसँगै बाँचे भने हजुरमै समर्पण हुने बाचा गर्नले यस लोकगीतमा प्रेममा रहेको त्याग र समर्पणको भाव अभिव्यक्त भएको देखिन्छ ।

नेपाली समाजमा कर्म र भाग्यसम्बन्धी विश्वास पनि रहेका छन् । कर्मका कारण मागी खानुपरेका मानिसका विवशता यस गीतमा अभिव्यक्त भएको छ । नेपाली समाजमा भाग्यमा विश्वास गर्ने चलन र कुनै पनि दुःख परेका बेलामा भाग्यलाई नै दोष दिने परम्परा रहेको तथ्यलाइ तलकी अन्तराले थप स्पष्ट पार्छ : कालेबुङको मैनाचरी, ए कालेबुङको मैनाचरी
ए टिस्टा खोला झऱ्यो है, कालेबुङको मैनाचरी ।
हा ककक (कर्म मेरो खोटी रै'छ)२
मागी खानु पऱ्यो है कर्म मेरो खोटी रै'छ ।

कालेबुङ, टिस्टा खोला, मेघको गर्जन र खजुरी, जस्ता स्थानिक परिवेश र प्राकृतिक पक्षलाई पनि समेटेको यस गीतमा सिमसिम पानी कान्छी नानीसँग तुक मिलाउदै नौलो मायापिरती हुँदा पहिले नाँचगान गर्ने र रमाउने गरेको विषयमार्फत मायाप्रेमका पुराना तर रमाइला यादहरूको स्मरण गरिएको छ । नेपाली समाजका सांस्कृतिक र सामाजिक पक्षलाई उठाउँदै यस लोकगीतमा परम्परागत लोकसमाजको वास्तविकताको चित्रण भएको देखिन्छ । यहाँ समाजमा विद्यमान रहेका मायाप्रेमका विविध रूप र आयामको वर्णनका साथमा मेलापर्व

तथा चाडबाडको रमाइलोलाई समेत समेटिएको पाइन्छ । अतः लोकसमाजका विविध सामाजिक तथा सांस्कृतिक सन्दर्भहरूसँग रहेका भए पनि मूलतः यस लोकगीतको भावभूमि मायाप्रेम नै मानिन्छ ।

**गीतको उद्देश्य**

कुनैपनि कृतिको रचना विना उद्देश्य भैएको हुँदैन । लोकगीत पनि परम्परादेखि गायन गरिएको विधा भएको हुनाले यसको पनि कुनै न कुनै प्रयोजन रहेको हुन्छ । कुनै पनि कृतिमा अभिव्यक्त गर्न खोजिएको प्रयोजनलाई नै सो कृतिको उद्देश्य मानिन्छ (लुइटेल, २०६२, पृ. ३०९) । लोकगीतको सिर्जना निरुद्देश्य नगरिने हुँदा प्रत्येक लोकगीतको केही न केही उद्देश्य अवश्य हुन्छ । उद्देश्य विनाको लोकगीत निरर्थक रचना ठहरिने हुनाले उद्देश्यलाई पनि लोकगीतको एउटा घटक मानिएको छ (शर्मा र लुइटेल, २०६३, पृ.७५) । लोकगीतका उद्देश्य लोकलाई उपदेश दिनु वा नैतिक शिक्षा दिनु, मनोरञ्जन दिलाउनु, लोकको कल्याणको कामना गर्नु तथा सामाजिक यथार्थ प्रकट गर्नु आदि रहेका हुन्छन् ।

संसारका अधिकांश लोकगीतमा लोकलाई शिक्षा प्रदान गर्ने र मनोरञ्जन प्रदान गराउने उद्देश्य रहेको हुन्छ । 'वारि जमुना पारि जमुना' गीतको मुख्य उद्देश्य गाएर आनन्द लिनु वा मन बहलाउनु र लोकलाई मनोरञ्जन प्रदान गर्नु रहेको देखिन्छ । मेला-पर्व हाटबजार आदिमा गाएर आनन्दमा रमाउने र त्यस्ता स्थानमा सामूहिक रूपमा भेला भएका मानिसलाई मनोरञ्जन प्रदान गर्ने प्रयोजनका लागि परम्परादेखि नै यो लोकगीत गाइँदै आएको छ । परम्परागत रूपमा मानिआएको चाडपर्वलाई संरक्षणका साथ आपसमा हाँसीखुसी रमाउन विभिन्न अवसरमा यो लोकगीत गाइन्छ । यस गीतको अन्तर्वस्तुले पनि मनोरञ्जनलाई नै जोड दिएको छ । एकादशी मेलामा मनकामनाको मन्दिरमा भेला भएर गाउने र दशैँ,
तिहार आदि चाडपर्वमा पनि मनोरञ्जनका लागि गाउने हुनाले पनि यस गीतको प्रमुख उद्देश्य मनोरञ्जन हो भन्ने तथ्य पुष्टि हुन्छ ।
लोकगीतको उद्देश्य समाजका विविध गतिविधि र यथार्थको चित्रण गर्नु पनि रहेको हुन्छ । समाजमा रहेको सामाजिक तथा सांस्कृतिक यथार्थताको प्रकटीकरण लोकगीतमा गरिएको हुन्छ । पूर्वी पहाडी क्षेत्रको अरूण उपत्यकाका लोकसमाजको सामाजिक तथा सांस्कृतिक यथार्थको प्रकटीकरण गर्ने पनि विश्लेष्य लोकगीतको उद्देश्य रहेको देखिन्छ । यस गीतले धार्मिक तथा सांस्कृतिक पक्षको वर्णनका साथमा समाजमा रहेको धार्मिक आस्था र विश्वासको संरक्षण तथा सामाजिक संरचनाको चित्रण गर्नेसमेत उद्देश्य रहेको छ, जस्तै -

कालेबुङको मैनाचरी, ए कालेबुङको मैनाचरी
ए टिस्टा खोला झर्‍यो है, कालेबुङको मैनाचरी ।
हा…कर्म मेरो खोटी रैछ
ए मागी खानु पर्‍यो होई
कर्म मेरो खोटी रैछ….

निष्कर्षतः 'वारि जमुना पारि जमुना' लोकगीत गाएर आनन्द लिन वा मन बहलाउन र लोकलाई मनोरञ्जन प्रदान गर्न परम्परादेखि नै गाइएको हुनाले यस लोकगीतको प्रमुख उद्देश्य मनोरञ्जन रहेको छ । यसका अतिरिक्त यस गीतमा समाजका सामाजिक तथा सांस्कृतिक यथार्थको प्रकटीकरण गर्नु पनि यस लोकगीतको उद्देश्य रहेको देखिन्छ ।

**भाषाशैलीय विन्यास**

कुनै पनि कृतिको भाषाशैलीय विन्यास भनेको भाषाशैली आदिको योजनाबद्ध र तथा व्यवस्थित प्रकारको प्रयोग हो । कृतिको संरचक घटकका सन्दर्भमा भाषा, शैली, बिम्ब, प्रतीक, लय छन्द, अलङकार आदिको रखाइक्रम वा व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ (लुइटेल, २०६२, पृ. २४५) । यहाँ विश्लेष्य लोकगीतको भाषाशैलीय विन्यासको विश्लेषण गर्ने क्रममा यस लोकगीतको भाषिक विन्यास, शैलीय पक्ष तथा लय सौन्दर्यको सङ्क्षेपमा विश्लेषण गरिएको छ ।

**(क) भाषिक विन्यास**

लोकसाहित्यका अरू विधा जस्तै लोकगीत एक प्रकारको भाषिक कला हो । लोकगीतको भाषा यसको भाका वा लयको प्रवाह प्रस्तुत गर्ने माध्यम हो । लोकगीतको भाषा स्तरीय र क्लिष्ट प्रकारको नभएर कथ्य र सरल प्रकारको हुन्छ तर सामान्य बोलचालको भन्दा पृथक् हुन्छ । अरू कृति जस्तै लोकगीतको भाषिक विन्यासभित्र पनि ध्वनिव्यवस्था, शब्दव्यवस्था व्याकरणव्यवस्था र अर्थव्यवस्था हुन्छन् (लुइटेल, २०६२, पृ. ६७) । लोकगीतमा झर्रा शब्द, स्थानीय शब्द तथा सग्ला खालका शब्दको प्रयोग बढी हुन्छ । 'वारि जमुना पारि जमुना' लोकगीतमा रहेको भाषिक व्यवस्थालाई तलका उदाहरणले प्रस्ट पारिएको छ : कालेबुङको मैनाचरी, ए कालेबुङको मैनाचरी

ए, टिस्टा खोला झऱ्यो है, कालेबुङको मैनाचरी ।

हा...कर्म मेरो खोटी रैछ)२

मागी खानु पऱ्यो है कर्म मेरो खोटी रै'छ ।

माथिको उदाहरणमा 'लौ' शब्दलाई 'लउ' र 'पऱ्यो' र 'झऱ्यो' शब्दलाई क्रमशः 'पऱ्यो' र 'झऱ्यो' र 'रहेछ' लाई 'रै'छ' का रूपमा प्रयोग गर्दा भाषिक ध्वनिमा परिवर्तन र आगम भएको छ । यस गीतमा ध्वनिको उच्चारणमा पूर्वेली भाषिकाको पनि प्रभाव रहेको छ ।

भाषिक शब्दव्यवस्थाका दृष्टिले पनि यस लोकगीतमा विशिष्टता रहेको पाइन्छ । पैतालालाई 'पैतालु' 'गड्याङगुडुङ', 'खजुरी' र 'माया'लाई 'मया' बनाइको छ र स्थानीय कथ्य शब्दको प्रयोग गीतमा भएको छ । यस गीतमा स्तरीय नेपालीमा प्रचलित शब्दहरू परिवर्तित भएर कथ्य रूपमा प्रयोगमा आएका छन् । यस क्षेत्रको स्थानविशेषलाई जनाउने 'मनकामना', 'कालेबुङ', 'टिस्टा खोला', 'एकादशी बजार', 'गङ्गाजी' जस्ता शब्दहरू गीतका असम्बद्ध तथा सम्बद्ध दुवै प्रकारका चरनमा रहेका छन् ।

लोकगीतको गायनका अवसरमा बीचबीचमा आउने शब्दलाई थेगो भनिन्छ । यसरी आउने थेगोहरू सार्थक र निरर्थक दुवै हुन सक्छन् । लोकगीतमा लयको सहयोगी भएर आउने थेगालाई रहनी पनि भनिएको पाइन्छ ( आचार्य, २०६२, पृ. ६८) । 'वारि जमुना पारि जमुना' लोकगीतमा 'ए', 'हा', 'हो', 'हुर्र'' जस्ता थेगाहरू प्रयोग भएको छ भने लय मिलाउनका लागि 'लउ' निरर्थक निपातको प्रयोग भएको पाइन्छ ।

यस लाकगीतमा अभिव्यक्तिगत दृष्टिले सरल, सहज र बोधगम्य शब्दको प्रयोग गरिएको छ । ग्रामीण स्तरमा सबैले बुझ्ने खालका शब्दहरूको संयोजन र समाज र त्यसको संस्कारसँग भिजेका पद तथा पदावलीको प्रयोग भएको यस गीतमा भाषिक विन्यासकै कारण लयसिर्जना समेत भएको छे ।

**(ख) शैलीय विन्यास**

साहित्यमा शैली भनेको अभिव्यक्तिको विशिष्ट तरिका हो । "लोकगीतका सन्दर्भमा गीत अभिव्यक्त गर्ने ढङ्ग नै शैली हो । यसमा प्रायः अकृत्रिम र अजटिल लोकशैलीको प्रयोग भएको हुन्छ" (शर्मा र लुइटेल, २०६३, पृ. ७६) । 'वारि जमुना पारि जमुना' गीतमा स्थानीय क्षेत्रमा प्रचलित भाषिक लवज र कथ्य शैलीको चयन भएको छ । अन्त्यानुप्रास मिलाउने क्रममा 'पैतालु', 'खजुरी', 'हजुरी' जस्ता शब्दको चयनले गीत श्रुतिमधुर बनेको छ । यहा कोशीय र व्याकरणिक दृष्टिले विचलन पैदा भएकाले गीत सुन्दर र आकर्षक बनेको छ ।

अलङ्कारले कुनै पनि कृतिलाई शब्दको संयोजन र अर्थ चमत्कृतिका माध्यमबाट सुन्दर बनाउँछ । लोकगीतमा पनि लयको सिर्जना तथा अर्थमा प्रभावकारिता ल्याउनका लागि आलङ्कारिक शैलीको प्रयोग भएको हुन्छ तर यस्तो प्रयोग बौद्धिक किसिमको नभई सहज प्रकारको हुन्छ । लोकगीतमा शब्दालङ्कारले शब्दको संयोजन, प्रयोग तथा आवृत्तिमार्फत र अर्थालङ्कारले अर्थको माध्यमले सुन्दरता सिजना गरेको हुन्छ । अलङ्कार योजनाका दृष्टिले यस लोकगीतमा अन्त्यानुप्रासले अभिव्यक्तिलाई माधुर्ययुक्त बनाएको छ भने छेकानुप्रास र वृत्यानुप्रासले गीत श्रुतिसुखद् पनि बनेको छ, जस्तै -

हा...वारि जमुना..पारि जमुना..

जमुनाको फेदैमा मनकामना ।

माथिको उदाहरणमा 'जमुना' र 'मनकामना' मा अन्त्यानुप्रास रहेको छ भने पहिलो हरफमा 'वारि' र 'पारि' शब्दमा 'रि' एकपल्ट दोहोरिएको हुनाले छेकानुप्रास र दोस्रो हरफमा 'म' वर्णको चारपटकको पुनरावृत्तिले वृत्यानुप्रास सिर्जना भएको छ । अनुप्रासका अतिरिक्त यस लोकगीतमा स्वभावोक्तिका माध्यमबाट गीतिसौन्दर्य प्रकट भएको छ।

लोकगीतका सन्दर्भमा भन्नु पर्दा विम्ब एक किसिमको छायाँ हो । यसमा रचयिता आत्मलीन हुने प्रवृत्ति हुन्छ (पराजुली, २०५७, पृ. ५३१) । लोकगीतमा मिठासयुक्त शब्दहरू र क्रियाहरूको प्रयोग गरेर श्रोता वा दर्शकलाई मन्त्रमुग्ध पार्ने प्रवृत्ति हुन्छ। यस लोकगीतमा 'गड्याङगुडुङ', 'फन्के रोटी', 'जमुना' 'गङ्गाजी' जस्ता बिम्बहरू रहेका छन् । यहाँ धेरै शाब्दिक बिम्बको प्रयोग भएको छ र ती बिम्बहरू श्रव्य, दृश्य र अनुभवजन्य रहेका छन् । लोकगीतमा लय आन्तरिक भावावेगका रूपमा अभिव्यक्त हुन्छ। लय कविता वा गीतमा ध्वनिप्रवाहको ढाँचा हो, जुन ध्वनिको प्रवाह र यसको गति, यति, विराम आदिको पारस्परिक संयोगबाट उत्पन्न हुन्छ । लोकगीतका सन्दर्भमा लयलाई ध्वनिप्रवाहको गति र विरामका रूपमा लिनु उपयुक्त हुन्छ। 'वारि जमुना पारि जमुना' गीतमा नेपालको पूर्वेली हाक्पारे भाकाको प्रयोग रहेको छ । यहाँको लय सुन्दर र श्रुतिमुधुर रहेको छ। स्थानीय शब्द, भाषिकागत शब्द र आनुप्रासिक शब्दको प्रयोगले गीतलाई लयात्मक र आकर्षक बनाएको देखिन्छ । समग्रमा हेर्दा यस लोकगीतको भाषा सरल र स्थानीय कथ्यको प्रयोग भएको छ भने शैली प्रभावकारी तथा सौन्दर्यपूर्ण रहेको छ।

**निष्कर्ष**

'वारि जमना पारि जमना' पूर्वी नेपालको अरूण उपत्यकामा प्रचलित प्रसिद्ध लाकगीत हो। यो लिम्बुहरूले गाउने हाक्पारे भाकाका विभिन्न भाकामध्ये यो पुरानो र चर्चित भाकामा रहेको छ। यस गीतको बाहिरी संरचना वा आवरण सुदृढ रहेको छ। यस लोकगीतले अरूण उपत्यकाका पहाडी मानिसको जीवन र समाजको वास्तविकताको चित्रण र मायाप्रेमको मिलन र पुराना यादहरूको स्मरणलाई कलात्मक अभिव्यक्ति दिएको छ। सम्बन्धित क्षेत्रको जनजातीय समाजको खुकुलो वातावरणलाई चित्रण गरेको यस गीतले मायाप्रेमको रमाइलो र विगतका यादहरू, जवानीका विविध रूप र आयामको वर्णनका साथमा मेलापर्व तथा चाडबाडको रमाइलोलाई समेत समेटेको छ। यसले समाजको नियतिलाई पनि चित्रण गरेको छ। मनोरञ्जन गराउने र यथार्थको प्रकटीकरण मूल उद्देश्य रहेको यस लोकगीतमा नेपाली भाषाको कथ्य रूपको प्रयोग, लोकभूमिबाटै स्वतः प्राप्त भएका सुन्दर विम्ब र हाक्पारे मिठो लयले गीतलाई मिठासपूर्ण र गहन बनाएको छ। यस गीतमा प्रयुक्त हाक्पारे लोकलयको आफ्नै मौलिकता र मिठास पनि रहेको छ। अतः संरचक अवयवका दृष्टिले यो लोकगीतको बाहिरी र आन्तरिक संरचना पूर्ण रहेको हुनाले समग्र कृतिगत संरचना सबल र सुदृढ देखापर्छ।

**सन्दर्भ सामग्रीसूची**

अज्ञात, हाङ्युग (२०७६). एकादशी बजारैमा 'पिनासे सार्की'. नयाँ पत्रिका (असार १४ गते शनिवार) ।

आचार्य, गोविन्द (२०६२). लोकगीतको विश्लेषण. काठमाडौँ : पैरवी प्रकाशन।

गुरुङ, खेमराज (२०२०). वारि जमुना पारि जमुना. https://www.youtube.com/watch?v=4YZwXg8r4KE

थापा, धर्मराज र सुवेदी, हंसपुरे (२०४१). नेपाली लोकसाहित्यको विवेचना. काठमाडौँ : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र।

पराजुली, कृष्णप्रसाद (२०५७). नेपाली लोकगीतको आलोक. काडमाडौँ : वीणा प्रकाशन प्रा.लि.।

बन्धु, चूडामणि (२०५८). नेपाली लोकसाहित्य. काठमाडौँ : एकता बुक्स प्रा.लि. ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६२). कविताको संरचनात्मक विश्लेषण. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६८), लोकसाहित्य परिचय. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३), लोकवार्ताविज्ञान र लोकसाहित्य. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।